श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारीगरिबक्सैको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

अध्यादेश नं. ३

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

जिल्ला पञ्चायत ऐन, २०१९ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना :जिल्ला पञ्चायत ऐन, २०१९ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको [धार]ा ५७ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस अध्यादेशको नाम "जिल्ला पञ्चायत (सातौं संशोधन) अध्यादेश, २०३४" रहेको छ ।

(२) यो अध्यादेश श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. जिल्ला पञ्चायत ऐन, २०१९ को दफा ३ मा संशोधन : जिल्ला पञ्चायत ऐन, २०१९ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को उप-दफा (४) पछि देहायको उप-दफा (५) थपिएको छ :–

"(५) जिल्ला पञ्चायतको सभापति र उप-सभापति जिल्ला सभाको पदेन सभापति र उप-सभापति हुनेछन् ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६६५

३. <u>मूल ऐनको दफा १४ मा संशोधन</u> : मूल ऐनको दफा १४ को, –

(१) उप-दफा (२) मा रहेको "सोबमोजिम निर्वाचित नौ सदस्य र गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिबाट मनोनीत चार सदस्य समेत गरी जम्मा तेह्र सदस्य भएको जिल्ला पञ्चायत गठन हुनेछ" भन्ने वाक्यांश झिकिएको छ।

(२) उप-दफा (३) को सट्टा देहायको उप-दफा (३) राखिएको छ :–

"(३) प्रत्येक जिल्ला पञ्चायतमा सभापति र उप-सभापतिको अतिरिक्त देहायबमोजिमका सदस्यहरू रहनेछन् :–

(क) उप-दफा (२) बमोजिम निर्वाचित नौजना सदस्यहरू,

(ख) प्रचलित कानूनद्वारा व्यवस्था गरिएका अन्य सदस्यहरू।"

(३) उप-दफा ३ पछि देहायको उप-दफा (४), (५) र (६) थपिएका छन् :–

"(४) उप-दफा (३) को खण्ड (क) बमोजिमका जिल्ला पञ्चायतका सदस्यहरूमध्येबाट सभापति र उप-सभापति जिल्ला सभाद्वारा प्रचलित कानून माव्यवस्था गरिए अनुसार निर्वाचित हुनेछन्।

(५) जिल्ला पञ्चायतको कुनै सदस्य जिल्ला पञ्चायतको सभापति वा उप-सभापति पदमा निर्वाचित वा सहवृत्त भएमा निजको सम्बन्धित इलाकाबाट प्रतिनिधित्व गरेको सदस्य पद रिक्त हुनेछ।

(६) जिल्ला पञ्चायतको सचिव श्री ५ को सरकारले नियुक्त गर्नेछ र निजले जिल्ला सभाको समेत सचिव भई काम गर्नेछ।

४. <u>मूल ऐनको दफा १५ मा संशोधन</u> : मूल ऐनको दफा १५ को, –

(१) उप-दफा (१) मा रहेको "सदस्यहरूको" भन्ने शब्दको सट्टा "दफा १४ को उप-दफा (३) को खण्ड (क) बमोजिमको सदस्यको" भन्ने शब्दहरू राखि छन्।

(२) उप-दफा (२) झिकिएको छ।

(३) उप-दफा (५) मा रहेको "कुनै सदस्यको" भन्ने शब्दहरूको सट्टा "दफा १४ को उप-दफा (३) को खण्ड (क) बमोजिमको सदस्यको" भन्ने शब्दहरू राखिएका छन्।

(४) उप-दफा (६) झिकिएको छ।

५. <u>मूल ऐनको दफा १५ क. मा संशोधन</u> : मूल ऐनको दफा १५ क. मा रहेको "वा मनोनीत" भन्ने शब्दहरू झिकिएका छन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. मूल ऐनको दफा १६ मा संशोधन : मूल ऐनको दफा १६ को खण्ड (ग) झिकिएको छ।

७. मूल ऐनमा दफा १६ क. थप : मूल ऐनको दफा १६ पछि देहायको दफा १६ क. थपिएक छ :–

"१६क. राष्ट्रिय पञ्चायतको सदस्य भएमा जिल्ला पञ्चायतको सदस्यता कायम नरहने

(१) जिल्ला पञ्चायतको सभापति, उप-सभापति वा सदस्य राष्ट्रिय पञ्चायत सदस्य भएमा निजको जिल्ला पञ्चायतको पद रिक्त हुनेछ।

(२) जिल्ला पञ्चायतको सभापति वा उप-सभापति राष्ट्रिय पञ्चायतव सदस्यको लागि हुने निर्वाचनमा उम्मेदवार भएमा उक्त निर्वाचनको नतीज घोषणा भएपछि निज सो निर्वाचनमा निर्वाचित नभए तापनि निजको जिल्ल पञ्चायतको सभापति वा उप-सभापति पद रिक्त हुनेछ।

(३) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय पञ्चायतम निर्वाचित सदस्य निजको राष्ट्रिय पञ्चायतमा पदावधि रहुञ्जेलसम्म सम्बन्धि जिल्ला पञ्चायतमा पदेन सदस्य हुनेछ।

तर, राष्ट्रिय पञ्चायतको अध्यक्ष, वा उपाध्यक्ष भएमा वा श्री ५ को मन्त्री राज्यमन्त्री वा सहायक मन्त्री भएमा निज जिल्ला पञ्चायतमा पदेन सदस्‍ हुने छैन।"

८. मूल ऐनको दफा १७ मा संशोधन: मूल ऐनको दफा १७ को शुरूमा रहेको "निर्वाचित व मनोनीत" भन्ने शब्दहरूको सट्टा "जिल्ला पञ्चायतको सदस्य" भन्ने शब्दहरू राखिएका छन्

९. मूल ऐनको दफा १९ मा संशोधन: मूल ऐनको दफा १९ को उप-दफा (६) झिकिएको छ

१०. खारेजी: मूल ऐनको दफा ५४ खारेज गरिएको छ।

११. बचाउ: यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो अध्यादेश प्रारम्‍ हुँदाको बखत गाउँफर्क राष्ट्रिय अभियान समितिबाट जिल्ला पञ्चायतमा मनोनीत भई कायम रहेका सदस्यहरू निजहरूको पदावधिभर कायम रहनेछन्। तर त्यस्तो सदस्यको पद निजको पदावधि बाँकी छँदै बीचमा रिक्त हुन आएमा सो पदको पूर्ति गरिने छैन।

लालमोहर सदर मितिः– २०३४।९।२७।४

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६६७